# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
## मुख्य कार्यालय
खरिद शाखा

सूचना प्रकाशित मितिः२०८३/०५/२२

बिषयः दररेट उपलब्ध गराइदिने बारे।

उपरोक्त बिषयमा यस काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडको लागि यसै साथ संलग्न TOR बमोजिम कम्पनीका कर्मचारीहरुको कार्य सम्पादन सूचक तयार पार्ने कार्यका लागि मौजुदा सूचिमा सूचिकृत सेवा प्रदायक/आपूर्तिकर्ताहरुले तपशिलमा उल्लेखित सेवा के कति दर रेटमा उपलब्ध गराउने हो ? सो दररेट मिति २०८३/०५/२४ गते कार्यालय समय भित्र उपलब्ध गराईदिनु हुन अनुरोध छ।

तपसिलः

| क.सं. | विवरण | एकाइ | परिमाण | रकम (VATबाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ मानवस्रोत परामर्शदाता (Team Leader) | Person-Day | ३० | | |
| २ | संगठन तथा कार्यसम्पादन (KRA/KPI) परामर्श दाता | Person-Day | १५ | | |
| ३ | अनुसन्धान तथा डाटा सहायक | Person-Day | १५ | | |
| ४ | स्थलगत भ्रमण, समन्वय तथा तथ्याङ्क संकलन | L.S. | १ | | |
| ५ | अन्तरक्रिया/Validation Workshop तथा प्रस्तुतीकरण | L.S. | १ | | |
| ६ | प्रतिवेदन सम्पादन, डिजाइन, छपाइ तथा बाइन्डिङ | L.S. | १ | | |
| ७ | प्रशासनिक, सञ्चार, स्टेशनरी तथा आकस्मिक खर्च | L.S. | १ | | |
| | | | कुल जम्मा रकम | | |

## TOR अनुरूप Deliverables

यो लागत अनुमान निम्न कार्यहरू सम्पन्न गर्न तयार गरिएको हो:

- सम्पूर्ण प्राविधिक/अप्राविधिक पदहरूको कार्यविवरण (Job Description)
- प्रत्येक पदका KRAs र KPIs विकास
- Validation Workshop सञ्चालन
- अन्तिम प्रतिवेदन तथा PowerPoint प्रस्तुतीकरण

**काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा कार्यरत प्राविधिक तथा आप्राविधिक कर्मचारीहरूको मापनयोग्य कार्यसम्पादन सूचकसहितको कार्यविवरण तयार गर्ने काम सम्बन्धी कार्यदिश**

१. पृष्ठभूमि:

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (के.यू.के.यल.) काठमाडौं उपत्यकाको प्रमुख खानेपानी तथा ढल निकास सेवा प्रदायक संस्थाको रूपमा कार्यरत छ। सार्वजनिक-निजी साझेदारी मोडेलको स्वायत्त खानेपानी कम्पनी के.यू.के.यल. कम्पनी ऐन, २०६३ स्थापित काठमाडौं उपत्यकाको एकमात्र आधिकारिक खानेपानी तथा सरसफाई कम्पनीका रूपमा उपत्यकाभरि सुरक्षित खानेपानी आपूर्ति तथा फोहोरपानी (ढल) व्यवस्थापन सम्बन्धी समग्र सेवाहरू प्रदान गर्ने जिम्मेवारी वहन गर्दछ।

२. बिषय प्रवेशः

यसै सन्दर्भमा खानेपानि जस्तो अत्यावश्यक सेवा र ढल निकास र सरसफाई जस्तो आधारभूत सेवा प्रवाहमा थप तदारुकता तथा उपलब्धता प्रवर्धन् गरी नागरिक रुपी ग्राहकको सेवा प्रतिको सन्तुष्टि प्राप्तिका लागि कम्पनिमा कार्यरत काठमाडौं उपत्यका खानेपानी लिमिटेडका कर्मचारीहरूको ठूलो भुमिका हुन्छ।

खानेपानी तथा ढल प्रणालीको योजना, सञ्चालन, मर्मतसम्भार, विस्तार र आधुनिकीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै सेवाग्राहीमैत्री सेवा प्रवाह, चुहावट नियन्त्रण, पानीको गुणस्तर परीक्षण, ढलको सुरक्षित व्यवस्थापन तथा आपत्कालीन अवस्थामा सेवाको उपलब्धता सुनिस्चित गर्ने जस्ता के.यू.के.यल.का कर्मचारीहरुको प्रमुख अपेक्षित भूमिकाहरु हुन्। यस्ता प्राविधिक तथा अप्राविधिक व्यवस्थापनका कार्यहरुबाट नै काठमाडौं उपत्यकामा गुणस्तरीय, सुरक्षित र दिगो खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन सेवा सुनिश्चित हुने सत्यमा द्विमत छैन।

## ३. उद्देश्यः

*३.१. मुख्य उद्देश्यः* KUKL मा कार्यरत प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको कार्य संपादनलाई प्रभावकारी र मापनयोग्य बनाई कर्मचारीहरुको कामको बस्तुपरक मुल्यांकन गरी सोही बमोजिम यथोचित पुरष्कार र दण्डको समेत प्रभावकारी कार्यान्वयन गर्न कर्मचारीहरुको कार्य संपादनलाइ मापन गर्ने स्पष्ट सूचक सहितको कार्य विवरण तयार गर्ने ।

*३.२. निर्दिष्ट उद्देश्यहरूः*

१. काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा कार्यरत सबै प्राविधिक तथा अप्राविधिक पदहरूको कार्य, जिम्मेवारी, अधिकार तथा उत्तरदायित्व सहित कार्यविवरण तयार गर्ने।

२. प्रत्येक पदका लागि संस्थाको उद्देश्य तथा अपेक्षित नतिजासँग आबद्ध प्रमुख नतिजा क्षेत्र (Key Result Areas - KRAs) निर्धारण गर्ने।

३. प्रत्येक पदको कार्यसम्पादन वस्तुगत रूपमा मापन गर्न सकिने स्पष्ट, निर्दिष्ट तथा परिमाणात्मक कार्यसम्पादन सूचक (Key Performance Indicators - KPIs) विकास गर्ने।

## ४. अपेक्षित प्रतिफल (Expected Deliverables):

- प्राविधिक र अप्राविधिक सबै पदहरूको मापनयोग्य कार्यविवरण।
- प्रत्येक पदका लागि प्रमुख नतिजा क्षेत्रहरू (KRAs) तथा कार्यसम्पादन सूचकहरू (KPIs)।
- अन्तिम प्रतिवेदन तथा आवश्यक प्रस्तुतीकरण।

## ५. समयावधीः

यो कार्य सम्झौता भएको मितिले **३० (तिस) दिनको कार्यदिन** भित्र सम्पन्न गरिनु पर्ने छ।